


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ वैशाख १८ गते शनिबार ❑ 1 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-


## सीमामा अनिवार्य पिसीआर परीक्षण गर्न सभापति देउवाको सुझाव

रासस
काठमाडौं, १७ वैशाख

नेपाली काग्रेसका सभापति शेरबहादुर देउवाले भारतबाट घर फर्किएका नागरिकको सीमा नाकामा अनिवार्य पिसीआर परीक्षण गर्न सरकारलाई सुझाव दिनुभएको छ । आफ्नो निवास बुढानिलकण्ठमा शुक्रबार पत्रकार सम्मेलन गर्दै सीमा नाकामा अनिवार्य परीक्षण गर्न तथा त्यसको नतिजा नआउँदसम्म नागरिकलाई होल्डिङ सेन्टरमा राख्न उनले सरकारसँग माग गरे ।

परीक्षणका क्रममा कोरोना सङ्क्रमित भएका नागरिकलाई स्थानीय तहसँग समन्वय गरी आइसोलेसनमा राख्ने व्यवस्था मिलाउन सभापति देउवाले सरकारलाई सुझाव दिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार कोरोना रोकथाम र नियन्त्रणमा गम्भीर नभएको सभापति देउवाले आरोप लगाए ।

काठमाडौं उपत्यकाबाट ठूलो सङ्ख्यामा सर्वसाधारण गाउँ फर्किएकाले कोरोना थप फैलिने खतरा बढेको सभापति देउवाले



सुनाए । सङ्क्रमित भएका गाउँमा परीक्षण नै नगरी गएका कारण थप भयावह आउनेप्रति उनले सचेत गराए । निषेधाज्ञाको अवधिमा सरकारले कोरोना रोकथाम र नियन्त्रणका लागि आवश्यक काम गर्न सभापति देउवाले सरकारलाई सुझाव दिए । वर्तमान सरकारको ध्यान उद्घाटन, भिडभाड र तडकभडकमा बढी केन्द्रित भएको आरोप लगाउँदै उनले संक्रमण रोक्न सरकारले कुनै ठोस काम गर्न नसक्दा निषेधाज्ञा गर्नुपर्ने अवस्था आएको जिकिर गरे । सभापति देउवाले स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाइकर्मीलगायतलाई जोखिममा काम गरेको भत्ताको सुनिश्चिता गर्न सरकारसँग माग गरे । उनले सरकारी तथा निजी क्षेत्रका स्वास्थ्य संस्थामा आवश्यक जनशक्ति तत्काल व्यवस्थापन गर्न आग्रह गरे । कोरोनाविरूद्धको खोप आपूर्तिको सुनिश्चितता गर्नुपर्ने, विदेश जानेका हकमा पिसीआर परीक्षण गर्ने स्वास्थ्य संस्था बढीभन्दा बढी तोक्नुपर्ने उनको भनाइ छ । सभापति देउवाले कोरोना महामारीबाट प्रभावित भएका सबैलाई आवश्यक राहत उपलब्ध गराउनुपर्नेमा जोड दिए । व्यवसायीका लागि राहत तथा सहयोगको प्याकेज ल्याउन उनले सरकारसँग माग गरे । सभापति देउवाले केन्द्रदेखि गाउँसम्मका पार्टीका सबै संरचनालाई कोरोनाविरूद्धको सचेतना अभियानमा खटाउन निर्देशन दिए । अहिलेको महामारीको मिलेर सामना गर्न पार्टी पंक्ति सबैलाई उनले आग्रह गरे । कोरोना सङ्क्रमितलाई उपचार अभाव भएमा त्यसका लागि सहयोग गर्न उनले देशभरका आफ्ना कार्यकर्तालाई निर्देशन दिए । अमेरिकाले खोप सहयोग गर्न लागेकामा त्यसको स्वागत गर्दै सभापति देउवाले भारत र चीनले खोप उपलब्ध गराएकामा धन्यवाद दिए ।

मास्क अनिवार्य लगाउने, साबुन पानीले हात धुने, भौतिक दूरी कायम गर्ने लगायतका स्वास्थ्य सुरक्षा मापदण्डलाई कडाइका साथ लागू गर्न अनुगमन संयन्त्र बलियो बनाउन सभापति देउवाले माग गरे । समस्यामा परेकाका लागि सहयोग अभियान चलाउन उनले निर्देशन दिए ।

## मुस्ताङमा कोरोना संक्रमणबाट एक महिलाको मृत्यु

### शव वहान नहुदा शव व्यबस्थापन गर्न कठिनाई

पोखरापत्र संवाददाता
पोखरा, १७ वैशाख

हिमालपारीको जिल्ला मुस्ताङमा कोरोना शंक्रमणबाट एक जनाको मृत्यु भएको छ।

मुस्ताङको घरपखोङ गाउँपालिका–४ जोमसोम बस्ने ७२ वर्षीया वृद्धाको अस्पतालमा उपचारकै क्रममा कोरोनाबाट बिहीबार राति मृत्यु भएको घरपखोङ गाउँपालिका उपाध्यक्ष शर्मिला गुरुङले बताइन् ।

कोरोना शंक्रमित महिला होम आइसुलेसनमा बस्दै आउने क्रममा बिहीबार साँझ मुस्ताङ जिल्ला अस्पतालमा उपचार गर्न आएको उनले बताइन् । मुस्ताङमा हाल ६ जना कोरोना शंक्रमितका बिरामीहरु रहेको जस मध्य एक जना अस्पतालमा र ५ जना होम आइसुलेसनमा बसेको उपाध्यक्ष गुरुङले बताइन् । मुस्ताङ जिल्लामै शव वहान नहुदा हाल कोरोनाबाट मृत्यु भएकी महिलाको शव व्यवस्थापन गर्न कठिनायी भएको उपाध्यक्ष गुरुङले गुनासो गरिन्। उनले भनिन "मुस्ताङमा हालसम्म शव वहान एउटा पनि छैन, कोरोनाबाट मृत्यु भएको अस्वस्थामा भने शव वहान तयारी अबस्थामा हुनु पर्ने हो ।"

एक हप्ता देखि कोरोना शंक्रमित भएकी महिला गम्भिर अवस्थामा पुगेको अवस्थामा विहिबार अस्पताल आए पनि उपचारकै क्रममा बेलुका राति ९:३० बजे उनको मृत्यु भएको जिल्ला अस्पताल मुस्ताङका मेडिकल सुपरिटेन्डेन्ट डा.मनोज घिमिरेले बताए । दम र सुगर रोगबाट समेत ग्रसित भएकी महिलाले एक हप्ता जसो औषधि मगायर घरमै होम आइसुलेसनमा बस्दै आएको उनले जनाए । जिल्ला अस्पतालमा हाल कोरोनाका ५ जनासम्म उपचार गर्ने गरी वेड तयारी अबस्थामा राखिएको मेडिकल सुपरिटेन्डेन्ट डा. घिमिरेले बताए ।

हाल अस्पतालमा एक जना कोरोनाको बिरामीको उपचार भई रहेको छ । अस्पतालमा हालसम्म पनि भेन्टिलेडर जडान भएको छैन भने गम्भिर प्रकारका बिरामी आएमा हेलिकोप्टर वा सडक मार्ग हुदै अन्य जिल्लामा उपचार गर्न लेजानु पर्ने बाध्यता रहेको उनले गुनासो गरे ।

भेन्टिलेटरका सामान भित्रिए पनि त्यसलाई राख्ने भवन र संचालन गर्ने दक्ष कर्मचारी नभएको हुदा संचालन गर्न नसकने अबस्था रहेको डा. घिमिरेको भनाई छ । मुस्ताङमा कारोनाबाट मृत्यु भएको यो पहिलो घटना भएको उपाध्यक्ष गुरुङको दाबी छ।

## दुई कोरोना संक्रमितको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, १७ वैशाख

गण्डकी प्रदेशमा आज दुई कोरोना सङ्क्रमितको मृत्यु भएको छ।

पोखराको चरक मेमोरियल अस्पतालमा उपचारका क्रममा पोखरा महानगरपालिका-६ का ८२ वर्षीया सङ्क्रमित महिलाको मृत्यु भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक एवं गण्डकी प्रदेश कोरोना नियन्त्रण तथा रोकथाम कार्यक्रमका प्रवक्ता डा विनोदविन्दु शर्माले जानकारी दिए । त्यस्तै स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-५ का ६२ वर्षीय पुरुषको शुक्रबार राति १२:४५ बजे मणिपाल अस्पतालमा मृत्यु भएको निर्देशनालयले जनाएको छ।

यीसँगै प्रदेशमा कोरोना सङ्क्रमणका कारण मृत्यु हुनेको सङ्ख्या २२३ पुगेको छ।

## आन्तरिक उडान ह्वात्तै घट्यो

रासस
काठमाडौं, १७ वैशाख

काठमाडौं उपत्यकामा जारी निषेधाज्ञाको असर मुलुकको आन्तरिक हवाई उडानमा देखिएको छ।

अघिल्ला दिनको तुलनामा विमानस्थलको आन्तरिक उडान ह्वात्तै घटेको छ । निषेधाज्ञाको दोस्रो दिन शुक्रबार मात्रै ७७ उडान भएका विमानस्थल कार्यालयले जनाएको छ।

विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीका अनुसार शुक्रबार कूल ७७ उडान भएका छन् । बुद्ध एयरका ३५, यती एयरलाइन्सका २०, श्री एयरलाइन्सका १२, तारा एयरका चार तथा नेपाल एयरलाइन्सका चार उडान भएका छन् । बिहिबारको तुलनामाा यो सङ्ख्या आधाभन्दा कम हो । शनिबार यो सङ्ख्या अझ घट्ने बताइएको छ । शनिबारका लागि ६५ उडान निर्धारण गरिएको महाप्रबन्धक तिवारीले बताए । निषेधाज्ञा शुरु भएको पहिलो दिन बिहिबार विमानस्थलमा आन्तरिकतर्फ कूल २०८ उडानमार्फत आठ हजार २६९ यात्रुले हवाई यात्रा गरेका छन् । यीमध्ये काठमाडौंबाट पाँच हजार ४५३ हवाई यात्रु बाहिरिएका छन् भने दुई हजार ८१६ हवाई यात्रु काठमाडौं भित्रिएका विमानस्थलले जनाएको छ । विमानस्थलले उपलब्ध गराएको तथ्याङ्कअनुसार बिहिबार सबैभन्दा बढी बुद्ध एयरले ९६ उडानबाट चार हजार २८ यात्रुलाई हवाई सेवा दिएको थियो ।

यती एयरलाइन्सले ५२ उडान गरेको थियो । ती उडानबाट दुई हजार ४५७ यात्रुलाई गन्तव्यमा पुऱ्याएको छ । त्यसैगरी श्री एयरलाइन्सले एक हजार ४८४, तारा एयरले ११३, समिट एयरले ८३ र नेपाल एयरलाइन्सले १०४ यात्रुलाई सेवा दिएको विमानस्थलले जनाएको छ । निषेधाज्ञाको अघिल्लो दिन सर्वाधिक १४९ उडानमार्फत १५ हजार २६३ यात्रुले सेवा लिएका थिए ।

## २३ जिल्लामा निषेधाज्ञा चार जिल्लामा शनिबारपछि

रासस
काठमाडौं, १७ वैशाख

सरकारले कोभिड–१९ को संक्रमणावस्था हेरेर निषेधको आदेश जारी गर्न सक्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिएसँगै विभिन्न जिल्लामा जारी गरिएको छ।

गृह मन्त्रालयका अनुसार शुक्रबारसम्मको प्राप्त विवरणमा कुल २३ जिल्लामा निषेधको आदेश जारी गरिएको छ । त्यसमध्ये आजसम्म १९ जिल्लामा आदेश कार्यान्वयनमा आएको छ । केही जिल्लामा आंशिक र कतिपय जिल्लामा आवश्यकता हेरी फरकफरक आदेश जारी गरिएको छ । आदेश जारी भएका जिल्लामध्ये एक जिल्लामा यही वैशाख १८ र अन्य तीन जिल्लामा १९ गतेदेखि कार्यान्वयन गरिने जनाइएको छ ।

सरकारले संक्रामक रोग नियन्त्रण ऐन २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौं उपत्यका तथा तराईमा ५०० सक्रिय संक्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्र तोकी प्रजिअलाई निषेधाज्ञा वा अन्य आवश्यक आदेश जारी गर्न सक्ने अधिकार दिएको थियो । सोही अधिकार प्रयोग गर्दै बाँके, सुर्खेत, काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, कैलाली, पर्सा, कञ्चनपुर, दाङ, पाल्पा, चितवन, रुपन्देही, सल्यान र सुनसरीमा आदेश कार्यान्वयनमा छ । कालीकोट, बागलुङ, बर्दिया र दार्चुलामा आंशिक आदेश जारी भएको छ । यता जाजरकोटमा यही वैशाख १८ गते रातिदेखि तथा सल्यान र डडेलधुरामा १९ गते बिहान ६ बजेदेखि र झापामा १९ गते राति १२ बजेदेखि आदेश कार्यान्वयन हुने गृह मन्त्रालयले जनाएको छ । आदेश जारी भएका जिल्लामध्ये कास्की, सुनसरी र झापामा सवारी साधनलाई जोरबिजोर प्रणालीमा सञ्चालन गरिएको छ ।

## दुई शव र हेलिकप्टरको अवशेष फेला

पोखरापत्र संवाददाता
पोखरा, १७ वैशाख

हिमाल सफा गर्ने क्रममा दुईवटा शव र हेलिकप्टरको अवशेष फेला परेको छ ।

सफा हिमाल अभियानअन्तर्गत बुधबार धवलागिरि आधार शिविरदेखि २०० मिटर दक्षिणतर्फ हिमाल आरोहणका लागि प्रयोग हुने उपकरणसहित दुई मानव अवशेष फेला परेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । सोही आधार शिविरबाट एक किमीको दूरीमा रहेको इटाली आधार शिविर नजिक नाइनएन-एसीआर लेखेको हेलिकप्टरको टुक्रा फेला परेको जानकारी दिइएको छ । मृतकको पहिचान नखुलेकाले छानविन भइरहेको तथा हेलिकप्टर भने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## सगरमाथामा हालसम्मकै बढी आरोही : ४३ पर्मिट जारी

रासस
काठमाडौं, १७ वैशाख


कोभिड–१९ महामारीबीच जारी यस वर्षको वसन्त यामको सर्वोच्च शिखर सगरमाथा आरोहणमा हालसम्मकै बढी आरोहीले आरोहण अनुमति लिएका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभागले आज जारी गरेको हिमाल आरोहणको पर्मिटमा सगरमाथाका लागि सर्वाधिक ४३ आरोही समूह छन् । सगरमाथा आरोहणका लागि हालसम्म ४३ आरोही समूहका ४०८ आरोहीले अनुमति लिएको विभागको पर्वतारोहण शाखाले जनाएको छ । यसमा ९३ महिला र ३१५ पुरुष छन् । यो सङ्ख्या सन् २०१९ को वसन्त यामको भन्दा बढी हो । उक्त वर्षको वसन्त याममा सगरमाथा आरोहणका लागि ४१ आरोही समूहले आरोहण अनुमति लिएका थिए ।

विभागका अनुसार सगरमाथाका ४३ सहित ८५ आरोही समूहका ७४२ आरोहीले आरोहण अनुमति लिएको विभागले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । सगरमाथापछि सबैभन्दा बढी ल्होत्से हिमाल आरोहणका लागि १४ आरोही समूह छन् । धौलागिरिमा पाँच र अन्नपूर्ण हिमालमा चार आरोही समूहले आरोहण अनुमति पाएका छन् । वसन्त यामको हिमाल आरोहणबाट हालसम्म रु ७१ करोड ४८ लाखभन्दा बढी रोयल्टी सङ्कलन भएको छ । सगरमाथाबाट मात्रै रु ६६ करोड बढी रोयल्टी जम्मा भएको छ। कोभिड–१९ महामारीकाबीच सञ्चालन भइरहेको पर्वतारोहणले मुलुकको पर्वतीय पर्यटन सुरक्षित रहेको सकारात्मक सन्देश विश्वभर प्रवाह गरेको विभागको बुझाइ छ।

विभागका निर्देशक मीरा आचार्यले नेपालका आठ हजार मिटर अग्ला हिमाल आरोहणमा धेरै सङ्ख्यामा विदेशीको आगमनले पर्वतीय पर्यटनमा उत्साह जगाउनका साथै अन्तरराष्ट्रिय बजारमा सकारात्मक सन्देश छाएको बताउनुभयो । मौसमले साथ दिए यसै सातादेखि सगरमाथाको आरोहण हुने उहाँको भनाइ छ । अहिले अधिकांश आरोही सगरमाथाको आधारशिविर पुगिसकेका छन् । सगरमाथाको चुचुरासम्म बाटो बनाउने आइसफल डाक्टर अहिले सगरमाथाको क्याम्प चारमा पुगिसकेका छन् ।

कोभिड महामारीका कारण अघिल्लो सन् २०२० को वसन्त आरोहण स्थगित भएको थियो । सन् २०१९ को वसन्त ऋतुको आरोहण वैशाख ३१ गतेदेखि शुरु भएको थियो । त्यस्तै सन् २०१८ को वसन्त आरोहण पनि वैशाख ३१ गतेदेखि सगरमाथा आरोहण शुरु भएको थियो ।



# विकट गाउँमा विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य सेवा, स्थानीयवासी उत्साहित

**–कृष्ण दवाडी**
**पोखरा, १७ बैशाख (रासस)**

जिल्लाको विकट क्षेत्र मानिने मादी गाउँपालिका-१० थुम्सीकोटमा अवस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य सेवा शुरु भएपछि स्थानीयवासी उत्साहित भएका छन् ।

सो प्राथमिक स्वास्थ्य केन्द्रमा अहिले तीन जना एमबिबीएस चिकित्सकले उपचार सेवा प्रदान गर्न शुरु गरेसँगै १२ वडा रहेको गाउँपालिका र छिमेकी जिल्ला लमजुङको उत्तर पश्चिमी क्षेत्रका नागरिकले समेत स्वास्थ्य सेवा प्राप्त गरेका छन् । विसं २०७२ देखि आधारभूत स्वास्थ्य सेवा दिइँदै आइएकामा यस वर्षदेखि गाउँपालिकाले स्रोत व्यहोर्ने गरी एक र नेपाल सरकारको छात्रवृत्तिबाट दुई गरी तीन जना चिकित्सकले सेवा दिन शुरु गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद सापकोटाले बताउनुभयो । हालै मात्र नेपाल सरकारको रु सात करोड ७१ लागतमा प्राथमिक स्वास्थ्य केन्द्रको सुविधासम्पन्न भवन निर्माण भएर सोही भवनबाट सेवा शुरु भएसँगै उपचार सेवा प्रवाहमा सहज भएको बताइन्छ । यसअघि भाडाको घरबाट सेवा दिइएको थियो ।

सडक पूर्वाधार र पोखरासँगको पहुँचका हिसाबले विकट गाउँमा चिकित्सकसहितको स्वास्थ्य सेवा प्रवाह भएपछि स्थानीयवासी खुःशी छन् । स्थानीय महिला सञ्जालका अध्यक्ष सिर्जना अर्यालले जिल्लाको दुर्गम भेग भनेर चिनिएको ठाउँमा सुविधासम्पन्न अस्पतालको सेवा शुरु भएसँगै उपचार अभावमा अकालमा ज्यान गुमाउनुपर्ने दुःखद् अवस्थाको अन्त्य भएको बताउनुभयो ।

विगतमा गाउँमा स्वास्थ्य सेवा नहुँदा बिरामीलाई पोखरासम्म पुऱ्याउन सास्ती व्यहोर्नुपरेकामा हाल गाउँमै उपचार भएपछि आफूहरू लाभान्वित बनेको उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "सामान्य उपचार नआउँदा विगतमा हाम्रा दिदीबहिनी दाजुभाइले ज्यान गुमाउनुको पीडा हाम्रा आँखै अगाडि ताजै छ । अब गाउँमै अस्पताल बनेपछि हामी औधी खुःशी भएका छौं, मादीको मुहार नै परिर्वतन भएको छ ।" गाउँपालिका स्वास्थ्य शाखा प्रमुख गोपालचन्द्र बरालले ४६ कोठाको स्वास्थ्य केन्द्रमा दुई प्राइभेट र १२ जनरल गरी १४ शय्या सञ्चालनमा रहेको जानकारी दिनुभयो । उहाँका अनुसार स्वास्थ्य केन्द्रबाट एक्सरे, इसिजी, प्रयोगशाला सुविधा उपलब्ध भइरहेकामा केही महिनाभित्रमा भिडियो एक्सरे सेवा शुरु गर्ने तयारी छ । सो स्वास्थ्य केन्द्रमा हाल तीन एमबिबीएस चिकित्सक, अहेव तीन, स्टाफ नर्स एक, प्रयोगशाला प्राविधिक एक र कार्यालय सहयोगी तीन जना कार्यरत छन् । गाउँपालिका अध्यक्ष बेदबहादुर गुरुङ (श्याम)ले प्राथमिक स्वास्थ्य केन्द्रबाट प्रदान गरिने उपचार सेवालाई विस्तार गर्दै लगिएकाले पूर्वी मादीका जनतालाई सहज भएको बताउनुभयो । नेपाल सरकारको ' एक स्थानीय तह एक अस्पताल'को योजनाअनुसार मादीकै वडा नं ७ को छाचोक (खन्टारी) मा १५ शय्याको स्वास्थ्यचौकी निर्माणको शिलान्यास भइसकेकाले मादीका सबै वडाका नागरिकलाई सहजरूपमा गाउँमै स्वास्थ्य उपचार सेवा उपलब्ध हुने अध्यक्ष गुरुङको भनाइ छ । उहाँले भन्नुभयो, "पछाडि परेको गाउँपालिकामा अहिले विकासले गति लिएको छ ।

स्वास्थ्य संस्थासहित पूर्वाधार विकासलाई प्राथमिकतामा राखेर काम गरेका थियौँ । यसको परिणामसमेत देखिँदै गएको छ, जनताले परिर्वतनको अनुभूति गरेका छन् ।" गाउँपालिकाले यसै वर्ष दुईवटा एम्बुलेन्सको व्यवस्था गरेको छ । एउटा गाउँपालिकाको आन्तरिक स्रोतबाट खरिद गरिएको र अर्को भारतीय राजदूतावासको सहयोगमा एम्बुलेन्स सेवा गाउँमा शुरु गरिएको प्रशासकीय अधिकृत सापकोटाले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "जनतालाई अस्पतालसम्म पुऱ्याउन सहज होस् भनेर यसै वर्ष दुईवटा एम्बुलेन्सबाट सेवा दिन शुरु गरेका छौँ । एउटा गाउँपालिकामा र अर्को प्राथमिक स्वास्थ्य केन्द्रमा रहेको छ । आवश्यकतानुसार जनताको सेवामा सहुलियत दरमा प्रयोग गर्ने गरिएको छ ।"



ताल बाराही मन्दिरको दृश्यः पोखराको फेवातालको मध्य भागमा अवस्थित ताल बाराही मन्दिरको दृश्य । निषेधाज्ञाको तेस्रो दिन सुनसान देखिएको छ । तस्वीर : रासस

# पुल भत्किएको घटनाको छानबिन गर्न माग

**पोखरापत्र संवाददाता**
**दमौली, १७ बैशाख**

तनहुँको देवघाट गाउँपालिका-५ र चितवनको भरतपुर महानगरपालिका-१ ठिमुरा जोड्ने त्रिशुली नदीमाथि निर्माणाधीन पुल भत्किएको विषयमा छानबिन गर्न माग गरिएको छ ।

जिल्ला समन्वय समिति तनहुँ र चितवनको संयुक्त पहलमा बसेको बैठकले पुल भत्किएको घटनाको छानबिनका लागि सम्बन्धित मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरेको हो । बैठकले भत्किएको पुलको भग्नावशेष आगामी जेठ १५ गतेभन्दा अगावै नदीबाट हटाउन निर्माण व्यवसायीलाई निर्देशन दिइएको जिल्ला समन्वय समिति तनहुँका सदस्य एवं प्रवक्ता गलबहादुर गुरुङले जानकारी दिनुभयो ।

चितवनका सङ्घीय सांसद, वागमती प्रदेशका सांसद, तनहुँ र चितवनका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुखसहित सहभागी बैठकले पुल सम्पन्न नहुँदासम्म तनहुँ र चितवन जिल्ला समन्वय समितिको नेतृत्वमा संयुक्त अनुगमन समिति गठन गर्ने निर्णयसमेत गरेको प्रवक्ता गुरुङले जानकारी दिनुभयो । "दुई/दुई पटक पुल क्षतिग्रस्त हुनुको मुख्य कारण के हो र कसको लापरवाही हो भन्ने विषयमा छलफल पश्चात् छानबिनका लागि मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरिएको छ", उहाँले भन्नुभयो । गण्डकी प्रदेशकै महत्वपूर्ण धार्मिक स्थल देवघाटधाम हुँदै मुक्तिनाथ करिडोरलाई जोड्ने गरी देवघाट क्षेत्र विकास समितिको गुरुयोजनामा समावेश भई रु २१ करोड लागत रहेको पुल यही वैशाख १२ गते दोस्रो पटक भत्किएको थियो । यसअघि गत चैत २४ गते सो पुलको केही भाग भत्किएको थियो । वैशाख १२ गते पुल भाचिँदा नदीमा खसेर दुई जनाको मृत्यु भएको थियो ।

बैठकमा तनहुँबाट जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, प्रमुख जिल्ला अधिकारी सागर आचार्य, प्रहरी उपरिक्षक अरुण पौडेल, समन्वय समितिका सदस्य एवं प्रवक्ता गुरुङको सहभागिता थियो ।

# सीमा नाका बन्द गर्न सिफारिश

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ बैशाख**

कोरोना रोकथाम तथा नियन्त्रण केन्द्रीय व्यवस्थापन तथा समन्वय केन्द्र (सिसिएमसी) को शुक्रबारको बैठकले भारतसँग सीमा जोडिएका विभिन्न नाका बन्द गर्ने सिफारिश गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा शुक्रबार उपप्रधानमन्त्री एवं सिसिएमसीका संयोजक ईश्वर पोखरेलका अध्यक्षतामा सम्पन्न बैठकले दोस्रो लहरको कोभिड-१९ को जोखिम क्रमशः बढ्दो भएकाले थप सचेतनाका उपायबारे सिफारिश गरेको जनाइएको छ ।

उक्त सिफारिशबारे अब बस्ने मन्त्रिपरिषद्को बैठकमा छलफल हुनेछ । बैठकमा कोरोना रोकथामका लागि विभिन्न जिल्लामा जारी गरिएको निषेधाज्ञा र अत्यावश्यक वस्तु र सेवाको सञ्चालनका विषयमा पनि समीक्षा गरिएको थियो ।

# भारतमा एकै दिन तीन लाख ८६ हजार कोरोना संक्रमित

**रासस**
**काठमाडौं, १७ बैशाख**

भारतमा कारोनाभाइरसबाट सङ्क्रमित भएकाहरुको दैनिक सङ्ख्या दिन प्रतिदिन बृद्धि हुँदै गएको छ ।

तिब्र गतिमा फैलिएको कोरोनाभाइरसबाट एकै दिनमा तीन लाख ८६ हजार ४५२ जना सङ्क्रमित भएका छन् ।

कोरोनाभाइरसको महामारी फैलिएदेखि यता गत २४ घण्टामा हालसम्मकै सबैभन्दा धेरै सङ्क्रमित भएको अधिकारीहरुले जनाएका छन् । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयलका अनुसार सोही अवधिमा तीन हजार ४९८ जनाको कोरोनाका कारण मृत्यु भएको छ ।

दैनिक रुपमा सङ्क्रमणमुक्त हुनेहरुको सङ्ख्या पनि बढीरहेको पाइएको छ । पछिल्लो २४ घण्टामा दुई लाख ९७ हजार ४५० जना सङ्क्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ । देशभरी कुल सङ्क्रमित मध्ये अहिलेसम्म कुल एक करोड ५३ लाख ८४ हजार ४१८ जना सङ्क्रमणमुक्त भएका छन् ।

भारतमा अहिलेसम्म कुल एक करोड ८७ लाख ६२ हजार ९७६ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका छन् । ती मध्ये ३१ लाख ७० हजार २२८ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेको मन्त्रालयको तथ्याङ्क छ । भारतको स्वास्थ्य अनुसन्धान परिषदका अनुसार अप्रिल २९ तारिखसम्म देशभरी कुल २८ करोड ६३ लाख ९२ हजार ८६ ओटा स्वाब परीक्षण गरिएको छ । ती मध्ये पछिल्लो २४ घण्टामा १९ लाख २० हजार १०७ जनाको कोरोना परीक्षण गरिएको अधिकारीहरुले जनाएका छन् । भारतमा एकातर्फ महामारी फैलिइरहेको छ भने अर्को तर्फ कोरोनाभाइरस विरुद्धको खोप लगाउने क्रम पनि चलिरहेको छ । सरकारी अधिकारीहरुका अनुसार अहिलेसम्म १५ करोड २२ लाख ४५ हजार १७९ मात्रा खोप खपत भएको छ ।

# दुई शव..

एयर डायनेष्टिकको सन् २००६ मा दुर्घटना भएको अवशेष रहेको प्रारम्भिक जानकारी प्राप्त भएको सेनाले जनाएको छ ।

ती मानव अवशेष व्यवस्थापन सम्बन्धमा सम्बन्धित निकायसँग समन्वयको प्रक्रिया शुरु गरिएको जानकारी दिइएको छ । सगरमाथासहित छ हिमाल सफाइ गर्ने उद्देश्यका साथ सञ्चालित उक्त अभियानमा खटिएको टोलीले स्थानीय सरकार, सम्बद्ध सङ्घसंस्था एवं स्थानीयवासीसँग आवश्यक समन्वय तथा सहकार्य गरी फोहर सङ्कलन गरिरहेको छ ।

यही वैशाख १२ गतेदेखि शुरू गरिएकामा आजसम्म आइपुग्दा सड्ने/कुहिने ३५५ किलो र नसड्ने चार हजार ७९९ किलो फोहर सङ्कलन गरिएको सेनाले जनाएको छ ।

**स्वास्थ्य नै ठूलो धन हो ।**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं, अत्यावश्यकीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं ।**

- अनिवार्य रुपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्य रुपमा मास्क लगाउन सु-सूचीत गरौं ।
- सेवा प्रवाह भौतिक दुरी कायम गरौं ।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं ।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# कोभिडबाट बच्न सर्वसाधारणमा अपिल

**पोखरापत्र संवाददाता**
**पोखरा, १७ बैशाख**

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नेपालमा कोभिड-१९ को सङ्क्रमण तीव्र गतिमा फैलिरहेको हुँदा जनस्वास्थ्यका मापदण्डको संवेदनशील भई कडा रुपमा पालना गर्न सर्वसाधारणमा अपिल गरेको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले शुक्रबार जारी गरेको 'सर्वसाधारणमा अपिल' मा देशको स्वास्थ्य प्रणालीले थेग्नै नसक्ने गरी सङ्क्रमण फैलिरहेको हुँदा स्वास्थ्यका मापदण्ड कडाइका साथ अपनाउन अपिल गरिएको छ । सङ्क्रमण रोकथामका लागि जनस्वास्थ्यका मापदण्ड मास्क लगाउने, भौतिक दूरी कायम गर्ने, बेलाबेलाका साबुन पानीले हात धुने सबैभन्दा उत्तम उपाय रहेको जनाइएको छ । सङ्क्रमणबाट प्रभावित जिल्ला मोरङ, सुनसरी, झापा, पर्सा, धनुषा, काठमाडौँ, भक्तपुर, ललितपुर, चितवन, मकवानपुर, काभ्रेपलान्चोक, कास्की, दाङ, बाँके, रुपन्देही, पाल्पा, बर्दिया, कपिलवस्तु, सुर्खेत, कैलाली र कञ्चनपुरमा स्वास्थ्य प्रणालीले थेग्नै नसक्ने गरी सङ्क्रमण फैलने दर डरलाग्दो गरी बढिरहेको अपिलमा उल्लेख छ । "कुनै पनि मार्गबाट देश विदेश जाने आउने वा आन्तारिक बाह्य पर्यटनका लागि कहीँ कतै जाने काम पूर्णरुपमा नगर्नु, नगराउनु हुन, कुनै पनि सार्वजनिक स्थलमा जाने भीडभाड गर्ने काम बन्द गर्ने गराउने काम गर्न अन्यन्त जरुरी छ", अपिलमा भनिएको छ ।

# समृद्धिका लागि प्राविधिक शिक्षाको प्रवर्द्धन

**रासस**
**पोखरा, १७ बैशाख**

प्रधानमन्त्री केपी शर्मा ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय सङ्कल्प तीव्ररुपमा पूरा गर्न प्राविधिक शिक्षाको प्रवर्द्धन तथा विस्तार अनिवार्य भएको बताएका छन् ।

मित्र राष्ट्र दक्षिण कोरिया सरकारको सहयोगमा प्राविधिक प्रशिक्षण प्रतिष्ठान परिसरमा नवनिर्मित सूचना प्रविधि भवनको शुक्रबार भर्चुअल उद्घाटन गर्दै प्रधानमन्त्री आलीले सरकार नागरिकलाई जीवनोपयोगी शिक्षा दिन हरेक क्षेत्रबाट लागिपरेको बताए । शिक्षा प्राप्त गरेकाहरुलाई आफ्नो शैक्षिक प्रमाणपत्र आफैँ समस्या नबनोस् बरु त्यो प्रंमाणपत्रलाई व्यक्ति समाज र राष्ट्रलाई नै उपयोगी ढङ्गले योगदान पुऱ्याउने प्राविधिक शिक्षाको प्रवर्द्धनमा देश लागिरहेको उनले बताए । प्रतिष्ठानले दुई दशकभन्दा बढी समयदेखि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम दिँदै आएको छ । हालसम्म ३३ हजारभन्दा बढी व्यक्तिले प्रतिष्ठानमार्फत व्यावसायिक तालीम पाइसकेका छन् ।

**कपालको उपचार**
**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**
**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।



दुना-टपरी बुन्दै महिलाः लमजुङ राइनास नगरपालिका वडा नं १ साहिलिटारका महिलाहरु विभिन्न विवाह, भोज भतेरको लागि तयारी अवस्थामा राख्नका लागि सालको पातको टपरी बुन्दै । सालको पातबाट बनेको दुना टपरी पवित्र मानिन्छ र पुजाआज गर्न समेत प्रयोग गर्ने गरिन्छ। तर पछिल्लो समयमा यस्ता दुना-टपरीको बेवास्ता हुँदै जाँदा यता कता मात्र प्रयोगमा आउने गरेको छ। तस्वीर : जनक श्रेष्ठ

# सम्पदा संरक्षणमा स्थानीय तह

**– सानेबहादुर नेपाली**
**तनहुँ, १७ बैशाख**

यहाँका स्थानीय तह आफ्नो पालिकाभित्र रहेका धार्मिक, वातावरणीय, पर्यटकीय दृष्टिले महत्वपूर्ण मानिएका पुर्ख्यौली सम्पदाहरूको संरक्षणमा जुटेका छन् । पुर्ख्यौली सम्पदाका रूपमा रहेका पाटीपौवा, चौतारा, पोखरी, घुमाउने घरलगायत संरचानाको संरक्षण एवं संवर्द्धनका लागि स्थानीय तहहरू जुटेका हुन् ।

बटुवा हिँड्दा बास बस्ने, घामपानी पर्दा ओत लाग्ने, वन्यजन्तुका लागि रहेको पराम्परागत पोखरी, घुमाउने घरलगायत लोप हुँदै जान थालेपछि संरक्षणमा जुटेका हुन् । बटुवा बास बस्ने, काम गरेर थाकेपछि थकाइ मेट्ने, काम तथा हिँड्ने क्रममा हावाहुरी, असिनापानी आउँदा ओत लाग्न प्रयोग हुने पाटीपौवा संरक्षण अभावमा भत्कँदै गएपछि यहाँका सबै पालिकाले संरक्षण थालेका छन् ।

जिल्लाको आँबुखैरेनी गाउँपालिकाले आफ्नो मातहतमा रहेका छ वडामा प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत पुरानो बाटो, चौतारा र सामुदायिक वनमा पोखरी र घुमाउने घर निर्माण गरेको छ । आँबुखैरेनी गाउँपालिका-६ स्थित हिलेखर्कमा रहेको दुई घुमाउने घरको संरक्षण गरिएको गाउँपालिकाका अध्यक्ष गिरबहादुर थापाले जानकारी दिनुभयो। वनमा पानी नहुँदा वन्यजन्तु गाउँमा पस्ने र मानवीय क्षति हुने गरेकाले पोखरी निर्माणलाई प्राथामिकतामा राखेर काम गरेको गाउँपालिकाका अध्यक्ष थापाले जानकारी दिनुभयो।

गाउँपालिकाले विभिन्न सामुदायिक वन क्षेत्रमा आठ पोखरी निर्माण गरिसकेको छ भने दुई पाटीपौवाको समेत मर्मतसम्भार गरी संरक्षण गरिएको उहाँले बताउनुभयो। प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गत विकास निर्माणका काम गर्दा करिब रु ५० लाख खर्च भएको गाउँपालिका कार्यालयले जनाएको छ । आधुनिक जीवन शैलीले पनि पाटीपौवाको संरक्षणमा सम्बन्धित पालिकाको अझै ध्यान पुग्न सकेको देखिँदैन।

पाटीपौवाको वातावरणीय तथा धार्मिक महत्व भएकाले यसको संरक्षण गर्नुपर्छ भनेर क्लबमा आवद्ध युवा मिलेर जनचेतना जगाउने तथा सरसफाइका काम गर्दै आएको एलायन्स क्लब अफ तनहुँका अध्यक्ष जमुना जोशीले बताउनुभयो । "सडक सञ्जाल नजोडिएको र होटल सुविधा नभएको समयमा बटुवा र तीर्थयात्रीका लागि पाटीपौवा अनिवार्य हुन्थ्यो", अध्यक्ष जोशीले भन्नुभयो, "बजारमा होटल र गाउँमा घरबास भएकाले लोप हुने अवस्थामा पुगेकाले यसको संरक्षणमा जुट्नुपर्ने आवश्यक देखिएको छ ।" राति बास बस्नसमेत प्रयोग गर्न मिल्ने गरी बाटाको छेउमा तथा तनहुँको धार्मिकस्थल देवघाट, व्यास तथा पराशर क्षेत्र, थानीमाई, छाब्दीवाराही, ढोरबाराही, विभिन्न ठाउँमा निर्माण गरिएका पाटीपौवा संरक्षणको अभावमा सङ्कटमा पर्दै जान थालेका छन् । वावारणीय दृष्टिकोणले राम्रो, ढुङ्गाको छानो, ढुङ्गा र माटोको गारो तथा काठ प्रयोग गरिएका पाटीपौवा लोप हुँदै गएको र धार्मिक भावना भएका केही व्यक्तिले सिमेन्ट, फलाम र टिनको प्रयोग गरेर बनाउने गरेको यसको महत्व ओझेलमा पर्दै गएको छ। पहिले हरेका गाउँ र बस्तीका बाटोघाटोको छेउमा पाटीपौवा हुने गरेको हाल भत्किएर कमै मात्रामा देखिन थालेको व्यास नगरपालिका-३ पोल्याडस्थित पोल्याङ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष खडानन्द कैनीले जानकारी दिनुभयो । नेपाली कला तथा पहिचान झल्काउने सालका काठमा बुट्टाहरू कुँदिएका, कलात्मक पटीपौवासमेत संरक्षण अभावमा लोप हुने अवस्थामा पुगेकाले सम्पदाको संरक्षण गर्न सरोकारवालाले चासो दिनुपर्ने कैनीले बताउनुभयो। धार्मिक भावना जागृत गर्न यस्ता सम्पदाको संरक्षण हुन जरुरी देखिएको छ । आफ्ना स्व बुबाआमाको सम्झनामा हालै रु सात लाख ५० हजार खर्च गरेर सामुदायिक भवन निर्माण गरिदिएको व्यास नगरपालिका-११ तल्लोपोल्याङ, जिम्माल गाउँका केशव पन्थ बताउनुहुन्छ । असिनापानी परेको बेला यात्रुलाई ओत लाग्न, धार्मिक तथा सामाजिक कार्यमा सहज होस् भन्ने उद्देश्यले भवन निर्माण गरेको हुँ, मैले गरेको कार्यबाट अरुलाई पनि प्रेरणा मिल्न सक्ने विश्वास व्यक्त गर्नुभयो।

त्यसैगरी पर्यटन प्रवर्द्धनमा थप सहयोग पुग्ने उद्देश्यले सम्पदाको संरक्षण बन्दीपुर गाउँपालिकाले पनि गर्दै आएको छ । बन्दीपुर गाउँपालिका-२ साम्दीमा रहेको पाटीपौवाको संरक्षण गर्नुका साथै १२ चौतारा मर्मतसम्भार गरी संरक्षण गर्दै आएको अध्यक्ष पूर्णसिं थापाले बताउनुभयो । उहाँका अनुसार बन्दीपुर गाउँपालिकाको वडा नं ५ र ३ मा रहेका घुमाउने घरको संरक्षण गर्दै आएको छ । पर्यटकीय क्षेत्रका रूपमा विकास हुँदै गएको यस क्षेत्रमा पर्यटकलाई आकर्षण गर्नका लागि पनि संरक्षण गरिएको सो गाउँपालिकाले जनाएको छ। चितुवाको प्रभावित क्षेत्रका रूपमा यस पालिका रहेकाले सामुदायिक वन क्षेत्रमा पोखरी खन्ने कार्यलाई पनि निरन्तरता दिँदै आएको छ । पौराणिक इतिहास बोकेका सम्पदाको संरक्षणका लागि गाउँपालिकाले प्राथामिकतामा राखेर काम गर्दै आएको उहाँले बताउनुभयो । गाउँपालिकाभित्र रहेका यस्ता सम्पदाको खोजी संरक्षण कार्यमा जुटेको गाउँपालिका कार्यालयले जनाएको छ। त्यसैगरी व्यास नगरपालिका कार्यालयले पर्यटन प्रवर्द्धनका क्रियाकलापलाई अघि बढाएको छ।

लोपोन्मुख विभिन्न जातजातिका वेषभूषा, पैतृक चालचलन वेषभूषा, ठाटीपौवा, बाद्यवादन, स्याखु, ढाक्रे संरक्षणलगायत पर्यटन प्रवर्द्धन क्षेत्रमा काम गर्दै आएको व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले बताउनुभयो । पाटीपौवा, घुमाउने घर, चौतारालगायत संरक्षणका लागि भनेर छुट्टै बजेट व्यवस्थापन नगरे पनि समग्ररूपमा समेटिएको उहाँले बताउनुभयो। आगामी वर्षमा यस क्षेत्रको विकासका लागि बजेट विनियोजन गरेर अघि बढ्ने योजना बनाएको नगरपालिका कार्यालयले जनाएको छ । त्यसैगरी जिल्लाको शुक्लागण्डकी नगरपालिकाले आफ्नो मातहतमा रहेका १२ वटै वडा नमूना पोखरी र चौतारो निर्माणलाई प्राथमिकतामा राखेर काम गर्दै आएको जनाएको छ । वातावरण शाखाको आयोजनामा प्रत्येक वडामा अभियानकै रूपमा पोखरी र चौतारो निर्माणलाई अघि बढाइएको नगरपालिकाका प्रवक्ता खिम कुमालले जानकारी दिनुभयो। पुरानो खानेपानीको मुहान, उद्यान र पाटीपौवालाई संरक्षण गर्दै आएका छौं । उहाँले भन्नुभयो, "मुहानबाट सबै पानी बस्तीमा ल्याउँदा वन्यजन्तु जनावरका लागि पानी नहुँदा समस्यामा पर्ने गरेकाले मुहानको संरक्षण गर्दै पोखरी निर्माण गरिएको छ।"

# मल्कवाङमा वडा कार्यालय भवन निर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १७ बैशाख**

म्याग्दीको धवलागिरि गाउँपालिका-५ मल्कवाङमा वडा कार्यालय भवन निर्माण भएको छ । धवलागिरि गाउँपालिकाले उपभोक्ता समितिमार्फत दुईतले भवन निर्माण गरेको हो । आर्थिक वर्ष २०७४/७५ मा शुरु भएको भवन निर्माण चालु आर्थिक वर्षमा सकिएको छ। बहुउद्देश्यीय सभाहलसहितको भवन निर्माणको काम सकिएपछि वडा कार्यालय सञ्चालन गरिएको वडाध्यक्ष खर्ककुमारी छन्त्यालले बताउनुभयो। कूल रु ६९ लाखको लागतमा कार्यालय भवन निर्माण भएको उहाँले बताउनुभयो। आव २०७४/७५ मा रु १९ लाख, २०७६/७७ मा रु १९ लाख ५० हजार र २०७७/७८ मा रु २८ लाख ५० हजार विनियोजन भएको थियो। भवनको माथिल्लो तलामा कार्यालय, पदाधिकारी, सचिवको कार्यकक्ष र वडासचिवको आवास बनाइएको छ । पक्की भवनको भुइँ तलामा १५० जना क्षमताको सभाहल छ। यसअघि मल्कवाङमा वडाको आफ्नै भवन थिएन । युवा क्लबको साँघुरो भवनबाट कार्यालय सञ्चालन गरिएको थियो। भवन अभावमा कार्यालयको सेवा प्रवाह प्रभावित भएको थियो । भेला, बैठक, सभा, सम्मेलन, तालिम, गोष्ठी सञ्चालन गर्न समस्या भएको थियो । सातवटा वडा रहेको धवलागिरिमा आफ्नै नयाँ कार्यालय भवन बनाउने मल्कवाङ पहिलो बनेको छ।

गाउँपालिकाले लमसुङमा २ नं र ताकमको ७ नं वडाको कार्यालय भवन निर्माण गरिरहेको छ । साविक मुना गाविसको भवनमा गाउँपालिले कार्यालय राखेपछि वडा नं ३ पुरानो कच्ची भवनको एउटा कोठाबाट सञ्चालन भएको छ। वडा नं १ गुर्जा र वडा नं ४ मुदीको पनि आफ्नै भवन छैन । वडा नं ६ को कार्यालय सञ्चालन भएको कुम्रीस्थित प्रगति आमा समूहको भवन गत असारमा पहिराले बगाएको थियो । सङ्घीयताको कार्यान्वयन र स्थानीय तह स्थापना भएपछि म्याग्दीमा तीनवटा नयाँ वडा कार्यालय निर्माण भएका छन्।

तत्कालीन जिविसले शुरु गरेको अन्नपूर्ण गाउँपालिकाको वडा नं ६ घार र वडा नं ५ को कार्यालय गाउँपालिकाले पूर्णता दिएको छ । बुकेनीमा मङ्गला गाउँपालिकाले वडा नं ४ को भवन निर्माण गरेको छ। मालिका गाउँपालिकाले डाँडागाउँमा वडा नं ३ को कार्यालय भवन निर्माण शुरु गरेको छ। बेनी नगरपालिकाले सामुदायिक चोकमा वडा कार्यालय निर्माणकार्य अन्तिम चरणमा पुऱ्याएको छ।

अर्थुङ्गेमा बेनपाको वडा नं ६ को कार्यालय निर्माणाधीन छ। यसैगरी क्याम्पसकचोकमा वडा नं ८ को कार्यालय सञ्चालन र बाढी व्यवस्थापन गर्ने उद्देश्यले घर, जग्गा अधिग्रहण भएको छ।

# संक्रमितका लागि बेड क्षमता बढाउँदै चितवनका अस्पताल

**रासस**
**चितवन, १७ बैशाख**

जिल्लामा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढ्दै गएपछि यहाँका अस्पतालले बेड क्षमता बढाउँदै लगेका छन् । सरकारी र दुई मेडिकल कलेजले कोरोना सङ्क्रमितको उपचार गर्न सो सङ्ख्या बढाउँदै लगेका हुन्। वीपी कोईराला मेमोरियल क्यान्सर अस्पतालले पनि कोभिडका बिरामी राख्न छुट्टै वार्ड बनाउँदै छ।

भरतपुर अस्पतालमा विभिन्न वार्डका बिरामीहरू स्थानान्तरण गरेर कोभिड बिरामीका लागि १५० बेड पुऱ्याइएको छ । अस्पतालमा कोभिडका लागि ११० मात्रै बेड थिए । अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. जगन्नाथ तिवारीका अनुसार हाल अस्पतालमा १० बेडको कोभिड सघन उपचार कक्ष, २५ वटा एचडियु र ७५ वटा अक्सिजनसहितको साधारण बेड छन्। मेडिसिन वार्डका बिरामीलाई अन्यत्र सारेर अक्सिजनसहितको कोभिड बिरामीका लागि ४० वटा बेड विस्तार गरिएको छ। यस अघि हाडजोर्नी, न्यूरो, सर्जरी लगायतका विभागका बिरामी सारेर कोभिड उपचार कक्ष स्थापना गरिएको हो।

अस्पताल विकास समितिका अध्यक्ष डा. भोजराज अधिकारीले बाहिर जिल्लाबाट धेरै बिरामी आएकाले व्यवस्थापन कठिन भएको बताउनुभयो। हाल अस्पतालमा ८२ जना कोभिडका बिरामी छन् ती मध्ये ५० प्रतिशत जिल्ला बाहिरका हुन्। उहाँका अनुसार नेपालगञ्जदेखि यहाँ कोभिडका बिरामी आएका छन्। अधिकारीले भन्नुभयो, "यस्तै अवस्था रहेमा एक दुई दिनमा अस्पतालले कोभिडलाई छुट्ट्याएका बेड भरिने छन् ।"अस्पतालमा हाल विशेषज्ञसहितका २० चिकित्सक र ३० नर्सिङ कर्मचारी कोभिड उपचारमा जुटेका छन्। अन्य अत्यावश्यक वार्डहरू खाली गर्न नसकिने भएकाले थप व्यवस्थापन गर्न कठिन हुने अस्पतालले जनाएको छ । चितवन मेडिकल कलेजमा ११३ बेड कोभिडका लागि छुट्ट्याइएको छ जसमा ३४ जना बिरामी हाल उपचाररत छन् । अस्पतालका अप्रेशन म्यानेजर पारस अधिकारीका अनुसार अस्पतालमा ३३ शय्याको कोभिड उपचार कक्ष छ जहाँ ३० वटा भेन्टिलेटर समेत छन् । अधिकारीको भनाइमा प्रसुति विभाग, आकस्मिक सघन उपचार कक्ष, हाडजोर्नी लगायतका विभागलाई अन्यत्र सारेर कोभिडका लागि व्यवस्थापन गरिएको छ।

कलेज अफ मेडिकल साइन्सेस शिक्षण अस्पताल (पुरानो मेडिकल कलेज) मा ७० बेड कोभिडका लागि छुट्ट्याइएको छ। अस्पतालका निमित्त निर्देशक डा. मनोहर प्रधानका अनुसार कोभिडलाई भनिएकामध्ये ३० सघन उपचार कक्ष र ४० एचडियु हुन् जहाँ ६ वटा भेन्टिलेटर छन्।

यस अघि साधारण बिरामी राख्ने ठाउँलाई खाली गरेर कोभिड बिरामी राख्न थालिएको हो । उहाँका अनुसार हाल अस्पतालमा कोभिडका ४१ जना बिरामी छन् । बिरामी थपिँदै गएमा अन्य विभागलाई गाभेर क्षमता विस्तार गर्ने गरी तयारी गरिएको छ । अस्पतालमा हाल २१ विशेषज्ञ सहितका चिकित्सक र ५० नर्स कोभिड उपचारमा जुटेको उहाँले जानकारी दिनुभयो। क्यान्सर रोगको मात्रै उपचार गर्ने वीपी कोईराला मेमोरियल क्यान्सर अस्पतालले पनि कोभिड बिरामीका लागि छुट्टै वार्ड बनाउने तयारी गरेको छ । अस्पतालका कार्यकारी निर्देशक डा. देज गौतमका अनुसार १५ बेडको वार्ड बनाउन लागिएको हो जहाँ पाँच वटा थप्न सकिने छ। कोभिड भएका क्यान्सरका बिरामीलाई उपचार गर्न वार्ड तयार गर्न लागिएको हो। एक दुई दिनमै वार्ड तयार हुने छ। अन्य केही निजी अस्पतालले पनि अस्पतालमा आएका बिरामीमध्ये कोभिड देखिएमा राख्ने तयारी गरेका छन् । पुष्पाञ्जलि अस्पताल भरतपुरका व्यवस्थापक सुजन अधिकारीले हालसम्म आएका कोभिडका बिरामीलाई नफर्काएको भए पनि अस्पताल बिरामीले भरिएकाले राख्ने अवस्था नरहेको जानकारी दिनुभयो। स्थानीय प्रशासनले सरकारी र निजी अस्पतालका सञ्चालकलाई कोभिड बिरामी बढ्न सक्ने भएकाले तयारी अवस्थामा रहन अनुरोध गरेको छ। बिहीबारसम्म जिल्लाका मात्रै ७२४ जना सक्रिय सङ्क्रमित रहेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । अन्य जिल्लाबाट यहाँ उपचारका लागि आउनेको तथ्याङ्क कार्यालयले राख्ने गरेको छैन।

# वैदेशिक रोजगारीमा ठगिएकाको सारथी बन्दै आप्रवासी परियोजना

**–खेमराज गौतम**
**बागलुङ, १७ बैशाख**

बागलुङ नगरपालिका-६ कालीमाटीकी एक महिलाले पाँच पटक सम्म आत्महत्याको प्रयास गरिन् । श्रीमान् लामो समयदेखि खाडी मुलुकमा रहेकाले आफूलाई सामाजिक रूपमा विभिन्न लाञ्छना र तिरस्कार गरिएको जनाउँदै पटकपटक आत्महत्या गर्न खोजेकी उनी अहिले सहज दैनिकी र लयमा फर्किएकी छन्।

उनी पाँच पटक सम्म आत्महत्या गर्न बाध्यात्मक अवस्थामा पुग्नाको कारण पतिको वैदेशिक रोजगारी भएको बताउँछिन् । श्रीमान् वैदेशिक रोजगारीमा रहेकाले गाउँमा कोही सँग बोल्दा र अप्ठ्यारामा कसैको सहयोग लिँदा पनि विभिन्न नैतिक प्रश्न खडा गरी समाजले तिरस्कार गर्न थालेपछि आत्महत्याको योजनामा पुगेको उनको भनाइ छ।

उनलाई सुरक्षित आप्रवास परियोजनाका सहयोगमा मनोपरामर्शसहित चिकित्सकको सल्लाह, उपचार र औषधि सेवन गराइएको छ । बागलुङमा डेढ वर्षदेखि सञ्चालन भएसँगै सामीबाट बागलुङ ती महिला जस्तै धेरैले समयमै मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीप पाएपछि सहज जीवनयापनको अवसर पाएका छन् । सामीले मनोपरामर्श मात्रै हैन, सीपसहित विप्रेषणको सदुपयोग गर्न सिकाएर यहाँका महिलालाई उद्यमीसमेत बनाएको छ । कालीमाटी निवासी लक्ष्मी सुनारका श्रीमान् वैदेशिक रोजगारीमा हुनुहुन्छ। उहाँले सामीले सञ्चालन गरेको विप्रेषणको सदुपयोगसम्बन्धी वित्तीय साक्षरता तालीम लिएपछि कुखुरापालन व्यवसाय थाल्नुभएको छ । उहाँले श्रीमान्को कमाइ सदुपयोग गर्न र आगामी दिनमा उहाँलाई वैदेशिक रोजगारीमा नपठाउनका लागि कुखुरा फर्म सञ्चालनमा ल्याइएको बताउनुभयो। उहाँले शुरुमा दुई सय र दोस्रो चरणमा चार सय ब्रोइलर कुखुरा उत्पादन गरी बिक्री गरिसक्नुभएको छ। अब सुनारको आगामी दिनमा कुखुरा पालनलाई बढाउँदै लैजाने र श्रीमान्लाई समेत स्वदेश फर्काउने योजना छ । स्विस र नेपाल सरकारको साझेदारीमा सञ्चालित कार्यक्रम बागलुङमा प्रभावकारी बन्दै गएपछि वैदेशिक रोजगारीका कारण आउने सामाजिक, पारिवारिक तथा मानसिक समस्या केही मात्रमा भए पनि न्यूनीकरण भएका छन्। जैमिनी नगरपालिका-५ बीनामारेकी बीना सुनारका पति दिनेश विक कतारमा बिरामी परेपछि नेपाल आउनुभयो। उहाँको गण्डकी मेडिकल कलेज पोखरामा उपचारका क्रममा २०७६ असार २६ गते निधन भयो। विकको निधनपछि वैदेशिक रोजगारी बोर्डबाट पाउनुपर्ने रु पाँच लाख प्राप्त हुन सकेन । उहाँले लामो समयदेखि उक्त रकम पाउन नसकेपछि परियोजनाले गाउँ भ्रमणका समयमा उक्त कुरा बाहिर ल्याएसँगै श्रीमान् बितेको लामो समयपछि उहाँले पाँच लाख मृत्यु दावी रकम प्राप्त गर्नुभयो। परिवारमा जानेबुझेको कोही नभएका समयमा परियोजनाका समन्वयमा रु पाँच लाख पाइएको सुनारको भनाइ छ। परियोजनाले गर्ने सूचना प्रभाव, न्यायमा पहुँच, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र निःशुल्क सीप, तालीमका कारण वैदेशिक रोजगारीमा जानेलाई सहज भएको छ । शव ल्याउन सहजीकरण, रोजगारीमा ठगिएकाको मुद्दा लड्ने, न्याय दिलाउने तथा मानसिक रूपमा समस्यामा परेकालाई पुरानै दिनचर्यामा फर्काउने काम गर्दै आइएको परियोजना बागलुङका कार्यक्रम संयोजक मीनप्रसाद उपाध्यायले जानकारी दिनुभयो । "सूचना, न्याय, मनोपरामर्श, वित्तीय साक्षरता र सीपमूलक तालीमका लागि सुरक्षित आप्रवासन परियोजना बागलुङका चार पालिका हेर्ने गरी डेढ वर्षअघि मात्रै स्थापना भएको हो", उपाध्यायले भन्नुभयो "तीनवर्षे कार्यक्रमअन्तर्गत जिल्लाका १० पालिकामध्ये बागलुङ, जैमिनी र गलकोट नगरपालिका र काठेखोला गाउँपालिकामा उक्त कार्यक्रम सञ्चालित छ भने समग्र जिल्लाका लागि जिल्ला प्रशासनको राहदानी शाखा नजीकै कार्यालय स्थापना गरी काम भइरहेको छ।" जिल्ला प्रशासन कार्यालयमा राहदानी बनाउन आउनु नै वैदेशिक रोजगारीको शुरुको काम भएकाले बनाउनेको विवरणसँगै पाँच कार्यक्रमका विषयमा जानकारी गराउँदै आइएको तथा पालिकामा मनोपरामर्शदाताका सहयोगमा घरमै पुगेर वैदेशिक रोजगारीका कारण मानसिक तनावमा परेकालाई परामर्श गरिन्छ । परियोजनाले बागलुङमा वैदेशिक रोजगारीसँग जोडिएका ५६ मुद्दामा सहयोग गरी रु एक करोड ८६ लाख फिर्तासमेत गराएको छ। पछिल्लो समय वैदेशिक रोजगारीका नाममा ठगिने बढ्न थालेपछि परियोजनाले ठगिएकाको रकम फिर्ता गर्नमा समेत सहयोग पुऱ्याएको छ । नेपाल र स्विस सरकारबीच भएको द्विपक्षीय सम्झौता, सामी हेल्भेटासको प्राविधिक सहयोग, स्थानीय पालिकाको सञ्चालन तथा बिवाइसी बागलुङको व्यवस्थापनमा सञ्चालित परियोजना सञ्चालनमा आएको हो । वैदेशिक रोजगारीमा जानुअघि, रोजगारीमा छँदा, उनीहरूले पठाएको रकम सदुपयोगदेखि रोजगारीबाट फर्केपछि र कारणवश मृत्यु भएकाको शव नेपाल ल्याउन समेत उक्त परियोजनाले काम गरेको परियोजना व्यवस्थापन गरिरहेको बिवाइसी बागलुङका अध्यक्ष मणिभद्र शर्माले बताउनुभयो । शर्माका अनुसार परियोजना शुरु भएपछि विभिन्न कारणले नेपालमा शव ल्याउन समस्यामा परेका पीडित परिवारलाई सहयोग गरी हालसम्म आठ शव नेपाल ल्याइएको छ। धेरैलाई निःशुल्क सीपमूलक एकमहिने तालीम दिएपछि कति विदेश नगई नेपालमै स्वरोजगार बन्न थालेको र केहीले विदेश गए पनि राम्रो आम्दानी गर्न सकेको उहाँको भनाइ छ।

नेपालका बढी वैदेशिक रोजगारीमा जाने ३९ जिल्लाका १५६ पालिकामा लागु गरिएको परियोजना विशेष गरी खाडी मुलकमा जाने नेपालीका लागि काम गर्दै आइरहेको छ । हालसम्म बागलुङबाट ८२ हजार ४४१ वैदेशिक रोजगारीका लागि श्रम स्वीकृत लिएर विदेश गएको तथ्याङ्क छ।